# महाशिला गाउँपालिकाको छाप र गान प्रयोग गर्ने सम्बन्धि ऐन, २०८१

**प्रस्तावना:** महाशिला गाउँपालिका, पर्वतको छाप र गानको प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउन गाउँपालिकाको छाप र गानको प्रयोगसम्बन्धि व्यवस्था गर्न बाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले अधिकार प्रयोग गरी

गाउँसभाको सत्रौं अधिवेशनले यो ऐन बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यस ऐनको नाम महाशिला गाउँपालिकाको छाप र गान प्रयोग गर्ने सम्बन्धि ऐन, २०८१ रहेको छ ।

(२) यो ऐन प्रमाणिकरण भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) गाउँपालिका छाप भन्नाले दफा ३ बमोजिमको छाप सम्झनु पर्छ ।

(ख) गाउँपालिका गान भन्नाले दफा ५ बमोजिमको गान सम्झनु पर्छ ।

## परिच्छेद २

## गाउँपालिका छाप सम्बन्धि व्यवस्था

**३.गाउँपालिका छापः-** (१) गाउँपालिकाको आफ्नो छुट्टै एक छाप हुनेछ ।

**४. गाउँपालिका छापको प्रयोगः-** (१) गाउँपालिकाको कार्यालय तथा गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक, सामुदायिक प्रकृतिका सम्पूर्ण निकायहरुले नेपालको निशान छापका साथै गाउँपालिका छापको समेत प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद ३

## गाउँपालिका गान सम्बन्धि व्यवस्था

**५. गाउँपालिका गानको प्रयोगः-** (१) गाउँपालिकाको आफ्नो छुट्टै गान हुनेछ ।

(२) गाउँपालिका अन्तर्गत हुने विभिन्न उत्सव, औपचारिक कार्यक्रम, विद्यार्थी प्रार्थना, खेलकुद समारोह आदिमा राष्ट्रिय गान लगत्तै गाउँपालिका गानको प्रयोग अनिवार्यरुपमा गर्नुपर्नेछ ।

**६. गाउँपालिका गानको प्रयोगको समय र विधिः-** (१) दफा १२ बमोजिम गाउँपालिका गानको प्रयोग गर्दा सहभागी सबैले सतर्क अवस्थामा उभिएर शिर ठाडो पारी उच्च र उल्लासपूर्ण आवाजमा गाउँपालिका गान गाउनु पर्नेछ।

**७. गाउँपालिका गानको प्रयोगमा निषेधः-** गाउँपालिका गानको अपमान हुने गरी र असान्दर्भिक तवरले प्रयोग गर्न निषेध गरिएको छ ।

## परिच्छेद ३

## विविध

**८. नियम बनाउने अधिकारः-** (१) यस ऐनको कार्यान्वयनका लागि गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**९. अधिकार प्रत्यायोजनः-** (१) प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाभित्र यस ऐन बमोजिम गाउँपालिका छाप, र गाउँपालिका गानको प्रयोग भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गरी आवश्यक निर्देशन दिनेछ । त्यस्तो निर्देशनको पालना गर्नु समबन्धित निकायको कर्तव्य हुनेछ ।

**१०. बचाउः-** (१) गाउँपालिकाको छाप र गान सम्बन्धमा यस अघि भए गरेका कामकारबाही यसै कानून बमोजिम भए गरेको मानिनेछ ।